# प्रेस विज्ञप्ति

## एशियन हाइड्रोपावर लिमिटेडले स्थानीयवासीका लागि निष्काशन गरेको आईपीओमा १.८३ गुणा आवेदन प्राप्त

मिति:२०७९/०९/२०,

यस एशियन हाइड्रोपावर लिमिटेडले आयोजना प्रभावित स्थानीय वासिन्दाहरुका लागि सार्वजनिक निष्काशन तथा बिक्री खुल्ला गरेको साधारण शेयर (आईपीओ) मा १.८३ गुणाले आवेदन प्राप्त भएको छ । मिति २०७९ मंसिर २७ गतेदेखि निष्काशन तथा बिक्री खुल्ला गरिएको सो आईपीओमा आवेदन दिने समय मिति २०७९ पौष १९ गते बैंकिङ्ग समय पश्चात् बन्द भएको छ ।

सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडका अनुसार कुल ८,३४२ (आठ हजार तीनसय बैयालिस) जना आवेदकहरुबाट ६२५,०२० (छ लाख पच्चिस हजार बीस) कित्ता शेयरका लागि आवेदन प्राप्त भएको छ । कम्पनीले स्थानीय बासिन्दाहरुका लागि निष्काशन गरेको ३,४०,०००/- (तीन लाख चालिस हजार) कित्ता साधारण शेयरहरुमध्ये आयोजनाबाट अति प्रभावित क्षेत्रका स्थानीय वासिन्दाहरुका लागि १,३६,००० (एक लाख छत्तिस हजार) कित्ता शेयर छुट्याएकोमा १,६०६ (एक हजार छसय छ) जना आवेदकहरुले २,००,३०० (दुई लाख तीनसय) कित्ता शेयरका लागि आवेदन दिंदा रु. २,००,३०,०००/- (दुई करोड तीस हजार रुपैया) बराबरको आवेदन प्राप्त भएको छ ।

त्यसैगरी, आयोजनाबाट प्रभावित क्षेत्रका वासिन्दाहरुका लागि २,०४,०००/- (दुई लाख चार हजार) कित्ता शेयर छुट्याएकोमा ६,७३६ (छ हजार सातसय छत्तिस) आवेदकहरुले ४,२४,७२० (चार लाख चौबिस हजार सातसय बीस) कित्ता शेयरका लागि आवेदन दिंदा रु. ४,२४,७२,०००/- (चार करोड चौबिस लाख बहत्तर हजार रुपैया) बराबरको आवेदन प्राप्त भएको छ ।

कम्पनीले पहिलो चरणमा आयोजना प्रभावित स्थानीय वासिन्दाहरुसँगै वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि समेत मिति २०७९ मंसिर २७ गते देखि २०७९ पौष १२ गतेसम्म आवेदन दिन सकिने गरी आईपीओ निष्काशन गरेको थियो । उल्लिखित दुबै आईपीओको बाँडफाँटसम्बन्धी जानकारी अर्को सूचनामार्फत गरिनेछ । पहिलो चरणको आईपीओको बाँडफाँट पश्चात् दोश्रो चरणमा कर्मचारी तथा अन्य सर्वसाधारणका लागि आईपीओको सार्वजनिक निष्काशन गरिनेछ ।

यस कम्पनीद्वारा इलाम जिल्लामा निर्माण सम्पन्न भएको ६.२ मे.वा क्षमताको तल्लो जोगमाई खोला जलविद्युत आयोजनाले मिति २०७८ कार्तिक १५ गतेदेखि व्यापारिक उत्पादन समेत आरम्भ गरिसकेको छ । कम्पनीको धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा एनएमबि क्यापिटल लिमिटेड रहेको छ ।

एशियन हाइड्रोपावर उर्जा डेभलपर्स प्रा.लि को सम्बद्ध संस्था हो । उर्जा डेभलपर्स र यससँग सम्बन्धित कम्पनीहरुले सन् २०३० सम्ममा कुल १००० मेगावाट क्षमताका विद्युत आयोजनाहरु विकास गर्ने लक्ष्य लिएको छ ।